# कर्मचारी आवश्यकता सम्वन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९/०२/०५गते

यस मनकामना स्मार्ट लघुवित्त वित्तीय संस्था लिमिटेडको लागि देहायका पद खुल्ला प्रतिष्प्रर्धाबाट पूर्ति गर्नुपर्ने भएकोले ईच्छुक योग्य नेपाली नागरिकहरुले आफुले आवेदन दिन चाहेको पद र विज्ञापन नं उल्लेख गरी यो सुचना प्रकाशित मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा यस संस्थाको केन्द्रीय कार्यालयमा हालसालै खिचेको पासपोर्ट साइजको फोटो, आफ्नो ईमेल ठेगाना र सम्पर्क फोन नं सहितको वायोडाटा, नागरिकता प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाणपत्रको प्रतिलिपी सहित आवेदन दिन अनुरोध गरिन्छ ।

१. **विज्ञापन नं : ०१/०७९/०८०**

**पद/संख्या** : कनिष्ठ अधिकृत - (शाखा प्रबन्धक/अनुगमन अधिकृत) केहि

**शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । वैंक/वित्तीय संस्थामा कम्तीमा ५ वर्षको कार्य अनुभव भई २ बर्ष बरिष्ठ सहायक/शाखा प्रबन्धकको रुपमा काम गरेको ।

२. **विज्ञापन नं : ०२/०७९/०८०**

**पद/संख्या** : वरिष्ठ सहायक (शाखा प्रबन्धक) - केही

**शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । लघुवित्त संस्थामा कम्तीमा ३ वर्षको कार्य अनुभव भई एक बर्ष सहायक/शाखा प्रमुखको रुपमा काम गरेको ।

३. **विज्ञापन नं : ०३/०७९/०८०**

**पद/संख्या** : सहायक (लेखा सहायक/शाखा प्रबन्धक) - केही

**शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा एस.एल.सी/एस.ई.ई.परीक्षा उत्तीर्ण गरेको । लघुवित्त क्षेत्रमा कम्तिमा २ बर्षको अनुभव ।

४. **विज्ञापन नं : ०४/०७९/०८०**

**पद/संख्या** : कनिष्ठ सहायक/कनिष्ठ सहायक (तालिमे) - केही

**शैक्षिक योग्यता** : मान्यता प्राप्त शिक्षण संस्थावाट कम्तीमा एस.एल.सीरएस.ई.ई वा सो सरहको परीक्षा उत्तीर्ण गरेको । कनिष्ठ सहायकको लागि लघुवित्त क्षेत्रमा कम्तिमा ६ महिनाको अनुभव र तालिमे कनिष्ठ सहायकका लागि लघुवित्त सम्बन्धि ज्ञान भएको ।

**थप जानकारीः**

१. उपरोक्त सवै पदको तलव तथा सुविधा संस्थाको नियमानुसार हुनेछ ।
२. उमेरको हकमा अधिकृत स्तरमा २१ बर्ष पूरा भई ४० बर्ष ननाघेको र अन्य पदको हकमा १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको हुनुपर्नेछ । महिला उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० वर्ष कायम रहने छ ।
३. सवै पदहरुमा कम्प्युटर सम्बन्धि सामान्य ज्ञान अनिवार्य छ ।
४. दरखास्त दस्तुर अधिकृत स्तरको पदको लागि रु.७०० र सहायक स्तरको पदको लागि रु.५०० तोकिएको छ ।
५. दरखास्त दस्तुर यस संस्थाको नाममा रहेको एनआइसी एसिया बैंकको भैरहवा स्थित शाखामा रहेको खाता नं. ०६१४१५००१६५२५००१ वा केन्द्रीय कार्यालयमा नगदै जम्मा गरेको भौचर समावेश गर्नुपर्नेछ ।
६. दरखास्त फारम यस संस्थाको वेभसाईट **manakamanalbs.com** बाट डाउनलोड गरी भर्न सकिनेछ ।
७. नेपाल वाहिरको शिक्षण संस्थावाट प्राप्त शैक्षिक योग्यताको हकमा समकक्ष निर्धारणको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्नेछ ।
८. आवश्यक कागजात संलग्न नभएको वा रीत पूर्वक नभरिएको आवेदन रद्द गरिनेछ । उपरोक्त सवै पदहरुको लिखित तथा अन्तरवार्ता परीक्षाका लागि केन्द्रीय कार्यालयको सूचनापाटीमा र संस्थाको वेभसाइटमा सूचना राखिने छ ।
९. आवेदन पेश गर्ने ई-मेल : **vacancy.manakamanalbs@gmail.com** वा यस संस्थाको केन्द्रीय कार्यालय सिद्धार्थनगर ५, भैरहवा रुपन्देही ।
१०. छनौट सम्बन्धि सम्पूर्ण अधिकार संस्थामा निहित हुनेछ ।


**मनकामना स्मार्ट**

**लघुवित्त वित्तीय संस्था लिमिटेड**

*नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको लघुवित्त वित्तीय संस्था (लुम्बिनी प्रदेश कार्यक्षेत्र भएको)*

**सिद्धार्थनगर -५, मैत्रीपथ, भैरहवा - रुपन्देही, फोन नं. : ०७१-५८७३१६, ५८७३१७**

**इमेलः vacancy.manakamanalbs@gmail.com, वेबसाइटः www.manakamanalbs.com**